आज मिति २०७९ साल चैत्र २८ गते बिहान ११: ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को बाह्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओबिलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | अर्जुन श्रेष्ठ | ईन्जिनियर | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) प्रदेश समपूरक अनुदान आयोजना तथा कार्यक्रमको प्रस्ताव माग सम्बन्धमा ।
२) अनुगमन प्रतिवेदन पेश सम्बन्धमा ।
३) सरस्वती प्राथमिक विद्यालयको कक्षा थप सम्बन्धमा ।
४) हृदयश्वरी आधारभूत विद्यालय रेट्रोफिटीङ सम्बन्धमा ।
५) बराहक्षेत्र प्राथमिक विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धमा ।
६) प्रशासकीय भवनको लागत साँझेदारी सम्बन्धमा ।
७) विविध छलफल सम्बन्धमा।

## २०७९ चैत्र २८ गते बसेको बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | प्रदेश समपूरक अनुदान आयोजना तथा कार्यक्रमको प्रस्ताव माग सम्बन्धमा । | यस गाउँपालिकामा आवश्यक रहेक आयोजना तथा कार्यक्रमका लागि प्रदेश सरकारसँग समपूरक अनुदान आयोजना तथा कार्यक्रमहरुका लागि प्रस्ताव माग गर्न आवश्यक रहेको । | यस गाउँपालिका अन्तर्गत आगामी आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय, लुम्बीनी प्रदेश सरकार, रासी उपत्यका (देउखुरी), दाङमा अनुसूची-१ बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | अनुगमन प्रतिवेदन पेश सम्बन्धमा । | चालु आ.व.को हालसम्म भएका योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन पेश गर्न आवश्यक रहेको । | गाउँपालिका उपाध्यक्षबाट पेश भएको अनुसूची-२ बमोजिमका योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | सरस्वती प्राथमिक विद्यालयको कक्षा थप सम्बन्धमा । | सरस्वती प्राथमिक विद्यालय वडा नं. ४ बाग्माको कक्षा थप गर्न आवश्यक देखिएको । | मिति २०७९/१२/२८ गतेको गाउँ शिक्षा समितिको निर्णयानुसार श्री सरस्वती प्राथमिक विद्यालय वडा नं. ४ बाग्माको कक्षा ६ सञ्चालनका लागि गाउँ कार्यपालिकामा पेश भएको हुदाँ उक्त निर्णयलाई अनुमोदन गर्ने र कक्षा थप गर्दा थप हुने वित्तिय दायित्व स्वयं विद्यालयले आन्तरिक श्रोतबाट गर्ने गरी कवुलियत नामा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | हृदयश्वरी आधारभूत विद्यालय रेट्रोफिटीङ सम्बन्धमा । | हृदयश्वरी आधारभूत विद्यालयबाट कार्यसम्पादन सहजीकरणको लागि भनि निवेदन पेश भएको हुदाँ सो सम्बन्धमा कार्यपालिकाबाट निर्णय हुन आवश्यक देखिएको । | हृदयश्वरी आधारभूत विद्यालय वडा नं. २ हिलेबाट रेट्रोफिटीङ सम्बन्धी काम गर्ने ठेकेदार काम सम्पन्न भएता पनि का.स. पेश नगरी काठमाण्डौ गएको हुदाँ विद्यालयमा समस्या देखिएकोले का.स. सहजीकरण गरिदिनुहुन भनि वि.व्य.स. को निर्णय प्रतिलीपि सहित निवेदन पेश भएको हुदाँ गाउँपालिकाको योजना अनुगमन समिति सहितको प्राविधिक टिमबाट रेट्रोफिटिङ सम्बन्धी कामको नापजाँच गरी प्रतिवेदन पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | बराहक्षेत्र प्राथमिक विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धमा । | बराहक्षेत्र प्राथमि क विद्यालयको अधुर भवन निर्माण गर्न आवश्यक रहेको । | प्रदेश लेखा ईकाइ कार्यालय, विशेष अनुदान तर्फ खर्च शिर्षक ६.२.३.४४५ मा बराह क्षेत्र मा.वि. भौतिक पूर्वाधार निर्माण सुनिलस्मृति गापा कार्यक्रम बराह क्षेत्र मा.वि. नभई बराहक्षेत्र प्रा.वि. भौतिक निर्माण हुनुपर्नेमा मा.वि. भएको हुदाँ उक्त बराहक्षेत्र प्रा.वि.को अधुरो भवन निर्माण कार्य सम्पन्न गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | प्रशासकीय भवनको लागत साँझेदारी सम्बन्धमा । | प्रशासकीय भवन निर्माणका लागि लागत साँझेदारी गर्न आवश्यक देखिएको । | यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि मिति २०७८।१२।१० गतेका दिन निर्माण व्यवसायी Pantha-Akriti J/V, Rupandehi सँग भेरियसन सहित रु. ५९,११२,१५५.८९।– मा सँझौता भई कार्य अगाडि वढाइएकोमा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को दफा ११ को उपदफा (१)(क) बमोजिम कुल लागतको ४०% ले हुने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने र ६०% रकम स्थानीय पूर्वाधार विभाग (DOLI) ले व्यहोर्ने व्यवस्था भए वमोजिम यस गाउँपालिकाले व्यहोर्नुपर्ने रकम रु २३,६४४,८६२।३६ मध्ये २२,१६२,८९९।६७ रकम व्यहोरी सकेकोले बाँकी रकम र पछि मूल्य समायोजनाले थपिने व्ययभार समेतको आवश्यक रकम आगामि आ.व. मा गाउँपालिकाले विनियोजन गर्ने र ६०% ले हुने थप रकम DOLI सँग माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी

| | | | | |
|---|---|---|---|---|
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** नगरप्रहरी पोशाक र व्याच छनौट सम्बन्धमा ।<br>**ख)** गाउँ शिक्षा समिति सदस्य मनोनित सम्बन्धमा ।<br>**ग)** वाल विकास केन्द्र स्थापना तथा कक्षा थप सम्बन्धमा ।<br>**घ)** घोडागाउँ स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीलाई आर्थिक सहायता प्रदान प्रदान सम्बन्धमा ।<br>**ङ)** कोभिड-१९ बाट प्रभावित संकटासन्न व्यक्तिहरुको लागि आर्थिक उत्थानशिलता प्रवर्द्धन (PERCAV) परियोजनाको कार्यक्षेत्र विस्तार तथा परियोजना थप सम्बन्धमा । | **क)** गाउँपालिकाबाट तयार भएका नगर प्रहरीका लागि पोशाक र व्याच मध्ये अनुसूची-३ बमोजिमको पोशाक र व्याच छनौट गर्ने ।<br>**ख)** गाउँ शिक्षा समितिमा रिक्त सदस्यमा गाउँसभा सदस्य तथा वडा नं. ५ का वडा सदस्य श्री संगिता वि.क.लाई मनोनीत गर्ने ।<br>**ग)** वडा नं. १ थुम्पाकी लेख वाल विकास केन्द्र र वडा नं. ८ सल्लेकुना वालविकास केन्द्र स्थापना गर्ने र वाल विकास केन्द्र स्थापनामा थप हुने वित्तिय दायित्व सम्बन्धीत वडाले व्यहोर्ने साथै वडा नं. ८ को लिस्नी प्राथमिक विद्यालय अफले पोखरामा कक्षा ६ सञ्चालनको अनुमती दिने र कक्षा थप गर्दा थप हुने वित्तिय दायित्व स्वयं विद्यालयले आन्तरिक श्रोतबाट गर्ने गरी कवुलियत नामा गर्ने<br>**घ)** यस सुनिलस्मृति गाउँपालिकाको मिति २०७९/१०/१९ गते बसेको गाउँसभाको निर्णयानुसार कार्यालय सहयोगिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएकोमा यस गाउँपालिकाबाट मिति २०७९/०४/३१ मा अवकास गराइएका घोडागाउँ स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी बल बहादुर कवरलाई उल्लिखित निर्णयको मापदण्ले हुने रकमको आधा रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउन उपयुक्त देखिएको ।<br>**ङ)** आड्रा नेपालको सहयोगमा कोभिड-१९ बाट प्रभावित संकटासन्न व्यक्तिहरुको लागि आर्थिक उत्थानशिलता प्रवर्द्धन (PERCAV) परियोजना आगामी (JUN) जून महिना देखि सकिने भएको जानकारी भएकाले उक्त परियोजनाले गरेको क्रियाकलाप जनमूखी र प्रभावकारी देखिएको हुदाँ उक्त कार्यक्रम कार्यक्षेत्र विस्तार तथा समय अवधि ५ वर्षका लागि थप गर्न आड्रा नेपाललाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

अनुसूची-१

(निर्णय नं. १ सँग सम्बन्धीत)


| क्र.सं. | आयोजनाको नाम | प्रदेश तर्फ | गाउँपालिका तर्फ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ वडा कार्यालय भवन निर्माण योजना | ५०००००० | ५०००००० | १०००००००० | |
| २ | फुसको छानो विस्थापन कार्यक्रम (जस्तापाता खरिद) | ५०००००० | ५०००००० | १०००००००० | |
| ३ | जुतुङ खोला मोटरेवल पुल | १५०००००० | १५०००००० | ३०००००००० | |
| ४ | रातोभिर खोला मोटरेवल पुल | १५०००००० | १५०००००० | ३०००००००० | |
| ५ | राज्य पोखरी भौतिक पूर्वाधार निर्माण | ५०००००० | ५०००००० | १०००००००० | |
| ६ | हरिगाउँ खलसिङ मोटरबाटो निर्माण योजना | ५०००००० | ५०००००० | १०००००००० | |
| | जम्मा | ५००००००० | ५००००००० | १००००००००० | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

अनुसूचि-३
(निर्णय नं. ६ (क) संग सम्बन्धित)



प्रमुख प्रशासकीय अधिकृत